# सामान्यतः बिल गरिने रकमहरू

यदि तपाईंसित BJC वित्तीय सहायता नीति [Financial Assistance Policy (FAP)] अन्तर्गत सहायता प्राप्त गर्ने पात्रता छ भने, अस्पतालले तपाईंलाई जुन रकमको भुक्तानी निम्ति भन्नेछ, त्यो रकम यस्तै उपचारको बीमा कभर भएका व्यक्तिहरूलाई सामान्यतः पठाइने बिल [amounts generally billed (AGB)]-को रकमभन्दा बढी हुँदैन। वित्तीय सहायता हासिल गर्ने पात्रता भएको रोगीलाई त्यो रकमको "भुक्तानी" निम्ति भनिनेछ जुन रकम तिर्ने व्यक्तिगत जिम्मेवारी उसको हुन्छ, अनि यसको हिसाब छूटहरू (FAP अन्तर्गत पाइने छूटहरू लगायत) अनि बीमा भुक्तानीहरू लागू गरिएपछि निकालिन्छ।

BJC HealthCare (स्वास्थ्यसेवा)-ले कुनै उपचारको लागि अस्पतालका सकल शुल्कहरूलाई सकल शुल्कहरूको एक वा अधिक प्रतिशतले गुणा गरेर AGB–को हिसाब निकाल्छ, अनि यसलाई "AGB पर्सेन्टेज" भनिन्छ। AGB पर्सेन्टेजको हिसाब वार्षिक रूपमा निकालिन्छ अनि बितेका 12-महिनाहरूमा स्वास्थ्य बीमाकर्ताहरूद्वारा स्वीकृत अस्पतालका सबै दाबीहरूको पूर्ण रकमलाई यी दाबीहरूको एसोसिएटेड सकल शुल्कहरूका योगद्वारा भाग दिएर यो पर्सेन्टेजलाई निकालिन्छ। यी उद्देश्यहरूको लागि, स्वास्थ्य बीमाकर्ताद्वारा स्वीकृत पूर्ण रकममा बीमाकर्ताले भुक्तानी गर्नुपर्ने रकम अनि कोपेमेन्ट्स वा डिडक्टिबल्सको रूपमा भुक्तानी गर्नको लागि व्यक्तिगत रूपमा जिम्मेवार व्यक्तिले तिनुपर्ने रकम (यदि कुनै छ भने), यी दुवैलाई सामेल गरिन्छ, अनि यसमा व्यक्तिले वास्तविक रूपमा उसको जिम्मामा रहेको सबै रकम वा यसको अंश तिरेको हुनसक्छ साथै व्यक्तिले तिनुपर्ने रकममा छूटहरू पनि लागू हुन सक्छन् (FAP वा अन्य अन्तर्गत)। हरेक अस्पतालमा वार्षिक रूपमा AGB-को हिसाब निकालिन्छ।

वित्तीय सहायताको लागि एकपल्ट अनुमोदन गरिएपछि, अस्पतालले लागू हुने वित्तीय सहायता छूटलाई लागू गर्नेछ जस्तो कि वित्तीय सहायता आम्दानी एवम् छूट सारणीमा परिभाषित गरिएको छ। रोगीले तिनुपर्ने रकमको समीक्षा गरेर यो सुनिश्चित गरिन्छ कि रकम AGB पर्सेन्टेजभन्दा कम्ती छ। तिर्नुपर्ने रकम AGB-द्वारा स्वीकृत रकमभन्दा अधिक छ भने, यस रकमलाई कम्ती पारी यसलाई AGB पर्सेन्टेज समान बनाउनको लाग थप छूट प्रदान गरिन्छ।

तल हरेक BJC HealthCare अस्पताल निम्ति AGB पर्सेन्टेजलाई प्रदर्शित गरिएको छ। AGB-को हिसाब निकाल्ने सम्बन्धमा तपाईंसित प्रश्नहरू छन् भने, कृपया 314-362-8400 अथवा 855-362-8400-मा फोन गर्नुहोस्।

| अस्पतालको नाउँ | सामान्यतः बिल गरिने रकमसम्बन्धी प्रतिशत (AGB) |
|---|---|
| एल्टन मेमोरियल अस्पताल (Alton Memorial Hospital) | 26.4% |
| बार्नेश-जूइस अस्पताल (Barnes-Jewish Hospital) | 34.4% |
| बार्नेश-जूइस सेन्ट पीटर्स अस्पताल (Barnes-Jewish St. Peters Hospital) | 33.6% |
| बार्नेश-जूइस वेस्ट काउन्टी अस्पताल (Barnes-Jewish West County Hospital) | 31.8% |
| बून अस्पताल सेन्टर (Boone Hospital Center) | 34.6% |
| क्रिश्चियन अस्पताल (Christian Hospital) | 25.8% |
| मिसौरी ब्याप्टिस्ट मेडिकल सेन्टर (Missouri Baptist Medical Center) | 34.9% |
| मिसौरी ब्याप्टिस्ट सूलिभ्यान (Missouri Baptist Sullivan) | 34.7% |
| पार्कल्याण्ड हेल्थ सेन्टर (Parkland Health Center) | 33.4% |
| प्रोग्रेस वेस्ट अस्पताल (Progress West Hospital) | 38.6% |
| सेन्ट लुइ शिशु अस्पताल (St. Louis Children's Hospital) | 49.8% |

BJC HealthCare